नगर प्रमुख: ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृत: ०९१-५६०११८
राजस्व उपशाखा: ०९१-५६०८८३

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### टीकापुर, कैलाली सुदुरपश्चिम प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति :- २०८१।०४।१७ गते)

## घण्टाघर संचालन तथा व्यवस्थापन सम्बन्धी ठेक्काको सूचना

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तपसिल बमोजिमको आन्तरिक आयको ठेक्का बोलपत्रका माध्यमबाट गराउनु भएकोले ईच्छुक फर्म/संस्थाहरुले तपसिलमा उल्लेखित सर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | सूचना नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | ठेक्का अवधि | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | १४/२०८१/८२ | घण्टाघर संचालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का | टीकापुर न.पा., वडा नं.१, बल्क नं.१९ | रु.७,२०,०००।- (सात लाख बिस हजार मात्र) | रु.३,०००।- | ३ वर्ष (२०८१ असोज १ गते देखि २०८४ भाद्र मसान्त सम्म) | कबोल अंकको ५% |

**सर्तहरु :**

१. बोलपत्र प्रस्ताव पेश गर्न इच्छुक फर्म वा संस्थाले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०८१।०४।३१गते) कार्यालय समयसम्म यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखामा बोलपत्र फाराम दस्तुर वापतको रु.३,०००।- (पछि फिर्ता नहुने गरी) बुझाई बोलपत्र फाराम खरिद गरी १६औं दिन (मिति २०८१।०४।३२गते) दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । उक्त बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २:०० बजेदेखि बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन बोलपत्र दाखिला गर्न र खोल्न सकिनेछ ।

३. बोलपत्र फाराम खरिद गर्दा फर्म/संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, फर्म/संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८०/८१ वा पछिल्लो अवधिसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्वन्धित निकायका साथै स्थानीय तहमा व्यवसाय दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, संस्थाको हकमा सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै टीकापुर नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनु पर्नेछ । बाँकीबक्यौता रहेको फर्म वा संस्थाले यस ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन ।

४. बोलपत्र फारामको शिलबन्दी खाम बाहिर यस कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताको नाम र ठेगाना पनि उल्लेख गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. बोलपत्रदाताले बोलपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३०००००३०००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारी गरेको ९० (नब्बे) दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।

७. एउटा फर्म वा संस्थाको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

८. पेश भएको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

९. ठेक्का सम्झौता गर्दा कबोल रकमको ४० प्रतिशतले हुन आउने रकम बुझाउनु पर्नेछ। बाँकी रकम बैंक जमानत पत्र पेश गरी सम्झौतामा उल्लेख भए बमोजिमको किस्तामा बुझाउन सकिनेछ। साथै सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा ५ (पाँच) प्रतिशत छुट दिइनेछ। सो बाहेक अन्य कुनै पनि किसिमको छुट तथा मिनाहा पाईने छैन।
१०. म्याद नाघी आएको, रित नपुगेको, सर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
११. ठेक्का सम्बन्धी अग्रिम आयकर, मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण कर दस्तुर बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।
१२. यस ठेक्का बमोजिम प्रवेश शूल्क र पार्किङ्ग शुल्क उठाउन पाउने छैन र रेष्टुरेन्ट संचालन गर्दा अनिवार्य रुपमा विभिन्न परिकारहरुको मूल्यसूची स्पष्ट देखिने गरि राख्नु पर्नेछ।
१३. ठेकेदार पक्षले घण्टाघर भित्र विभिन्न समुदायका संस्कृति र सांस्कृतिक पहिचान झल्कने स्थानीय परिकारहरुलाई प्राथमिकतामा राखेर बिक्रि वितरण गर्नु पर्नेछ। साथै राति १० बजेसम्म मात्र रेष्टुरेन्ट संचालन गर्न पाईने छ। रेष्टुरेन्ट सञ्चालन हुने समयका सम्बन्धमा स्थानीय प्रशासन वा प्रहरी कार्यालयबाट कुनै निर्देशन जारी भएमा सोहि बमोजिम हुनेछ।
१४. घण्टाघर परिसर भित्र हार्डवेयर (छड र सिमेन्टको), सिसा सम्बन्धी मालसामानको व्यवसाय संचालन गर्न साथै प्रज्वलनशिल पदार्थको र प्रचलित कानुनद्वारा निषेधित मालसामानहरुको सञ्चय तथा विक्री वितरण गर्न पाईने छैन।
१५. घण्टाघर परिसर भित्र रहेका भवन लगायत अन्य संरचनाहरुको टुटफुट भएमा मर्मत संभार गर्ने जिम्मेवारी सम्वन्धित ठेकेदार पक्षको हुनेछ। साथै विजुली बत्ति तथा खानेपानी प्रयोग गरे वापतको महसुल सम्वन्धित ठेकेदारले नै भुक्तानी गर्नु पर्नेछ।
१६. ठेक्का अवधि भरका लागि घण्टाघरमा ठेकेदारको तर्फबाट खटिने कामदार वा कर्मचारी, आगन्तुक तथा निर्मित संरचनाको संभावित दुर्घटनाबाट सुरक्षा प्रदान गर्न आवश्यक सुरक्षा उपाय वा साधनको व्यवस्था गर्ने र बीमा गर्ने जिम्मेवारी ठेक्का प्राप्त गर्ने फर्म वा संस्थाको हुनेछ।
१७. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित ऐन, कानुन तथा टीकापुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ।
१८. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ।

नगर कार्यपालिकाको कार्यालय
टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Website : www.tikapurmun.gov.np Email : tikapurmun@gmail.com